# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, साउन २० गते, २०८३ साल (अरि ६

## भाग ३

### गण्डकी प्रदेश सरकार

### आर्थिक मामिला मन्त्रालयको सूचना

मिति २०८३/०४/०१ देखि भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय मातहतका कार्यालयबाट प्रदान गरिने सेवासँग सम्बन्धित नयाँ प्रणाली (EDLVRS) सञ्चालन गरिएकोमा उक्त प्रणाली (EDLVRS) मा समस्या भई मिति २०८३/०४/०१ देखि २०८३/०४/१५ सम्म सवारी तथा यातायात सम्बन्धी सेवा अवरुद्ध भएका कारण सो अवधिसम्म देहाय बमोजिमको यातायात तथा सवारी सम्बन्धी दस्तुर तथा शुल्क बुझाउन नसकेका सेवाग्राहीलाई देहाय बमोजिम लाग्ने जरिवाना वा थप दस्तुर सेवा सुचारु भएको

मिति २०८३/०४/१८ देखि एक्काइस (२१) दिन भित्र बुझाएमा लाग्ने जरिवाना वा थप दस्तुरको १ (एक) प्रतिशत मात्र जरिवाना वा थप दस्तुर लिई बाँकी जरिवाना तथा थप दस्तुर छुट प्रदान गरिएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि गण्डकी प्रदेश आर्थिक ऐन, २०८३ को दफा १३ को उपदफा (३) र दफा १५ को उपदफा (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

**देहायः-**

(क) गण्डकी प्रदेश आर्थिक ऐन, २०८३ अनुसूची-३ को,-

(१) क्रमसंख्या २, ३ र ४ अन्तर्गतको वार्षिक बाटो इजाजत पत्र दस्तुर र नवीकरण तथा क्रमसंख्या १८ को राष्ट्रिय बाटो इजाजत दस्तुरको हकमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा ९२ को उपदफा (४) बमोजिमको थप दस्तुर।

(२) क्रमसंख्या ५ को अर्धवार्षिक जाँचपास, प्रमाणपत्र तथा प्रदुषण स्टिकर तथा अन्य दस्तुरको हकमा गण्डकी प्रदेश आर्थिक ऐन, २०८३ अनुसूची-३ क्रमसंख्या ५ को उपक्रम संख्या १६(क) र १७ (क) बमोजिमको जरिवाना।

(३) क्रमसंख्या २६ को हकमा गण्डकी प्रदेश आर्थिक ऐन, २०८३ अनुसूची-३ क्रमसंख्या २६ बमोजिमको जरिवाना।

आज्ञाले,

डिल्लीराम रिज्याल

प्रदेश सरकारको निमित्त सचिव

मुद्रणः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.१०।-